# केन्द्रीय तथा शाखा कार्यालयको आन्तरिक सजावट सम्बन्धी शिलबन्दी बोलपत्र पेश गर्ने बारेको सूचना

मिति २०७६/११/०५ गते सोमवार, अन्नपूर्णपोष्ट दैनिक

यस नेपाल फाइनान्स लिमिटेडको का.म.न.पा. २८ स्थित केन्द्रिय कार्यालय तथा ल.पु.म.न.पा. वडा नं.१० मा सञ्चालन गरिने शाखा कार्यालयको आन्तरिक सजावट तथा मर्मत संभार लगायतका कार्य गर्न इच्छुक निर्माण तथा सजावट सम्बन्धी कार्य गर्ने इजाजतप्राप्त रजिष्टर्ड फर्म/कम्पनीहरुले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही निम्नानुसारको कार्य गर्नका लागि बोलपत्र आव्हान गरिन्छ।

शर्तहरु:

१. आफ्नो दर्ता प्रमाणपत्र , स्थायी लेखा नम्बर तथा मुल्य अभिबृद्धि कर प्रमाणपत्रको प्रतिलिपि, आ.ब. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, कम्पनी प्रोफाइल (अनुभव, मुख्य सम्पर्क व्यक्ति, सम्पर्क नं. तथा ठेगाना, जनशक्ति तथा हाल काम गरिरहेको कम्पनीको सिफारिस पत्र) सहितको शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस संस्थाले तोकेको तपशिलको केन्द्रिय कार्यालयमा पेश गर्नुपर्ने छ।

२. कार्यालय सञ्चालन गर्नका निमित्त आबश्यक निर्माण ,आन्तरिक सजावट, सिभिल कार्य ,फर्निसिङ, इलेक्ट्रिफिकेशन लगायत अन्य आबश्यक सामाग्री (DVR, CCTVआदि) जडान गर्नु पर्ने छ।

३. आन्तरिक सजावट तथा मर्मत संम्भार लगायतका कार्यको लागि विस्तृत स्पेशिफिकेशन/ BOQ (Bill of Quantity) बोलपत्रदातालाई बोलपत्र फारमसंग दिइनेछ।

४. बोलपत्रदाताले बोलपत्र पेश गर्दा बोलकबोल गर्ने रकमको ५% रकम (सक्कल भौचर सहित ) वा सोहि बराबरको बोलपत्र जमानत (Bid Bond)पेश गर्नु पर्नेछ।

५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार संस्थामा सुरक्षित रहनेछ।

६. बोलपत्र यो सुचना प्रकाशित भएको मितिले ८ औ दिन संस्थाको केन्द्रिय कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाताहरुको अनुपस्थितमा पनि बोलपत्रहरु खोल्न बाधा पर्ने छैन । यदि बोलपत्र खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन बोलपत्र खोलिने छ।

७ बोलपत्र फारम यस संस्थाको केन्द्रिय कार्यालयबाट प्रति फारम रु.१,००० (एक हजार मात्र) भुक्तानी गरी खरिद गर्न सकिने छ।


## नेपाल फाइनान्स लिमिटेड

प्रधान कार्यालय : कमलादी काठमाडौं / फोनं. ०१-४२४७०२०, ०१-४२४१२३७

Email: mail@nefinsco.com, Website: www.nefinsco.com


नेपाल राष्ट्र बैंकबाट “ग” वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था